नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० | अंक ११० | २०७७ साल मंसिर १० गते बुधबार (25 Nov. 2020 Wednesday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाल-भारत सम्बन्ध विदेश ... ३ पृष्ठमा : बोलपत्रमा प्रतिस्पर्धा ... ३ पृष्ठमा : सत्ता हस्तान्तरण ...

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# सप्तरीका १ सय ३६ उद्योग खारेजीमा




**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

घरेलु तथा साना उद्योग कार्यालय सप्तरीले जिल्लामा दर्ता रहेका ९ हजार १ सय २७ उद्योग मध्ये १ सय ३६ वटा उद्योग खारेजीमा परेको जानकारी दिएको छ ।

छैठौं उद्योग दिवसको अवसर पारेर मंगलबार सो कार्यालयद्वारा राजविराजमा आयोजित कार्यक्रममा उक्त जानकारी दिइएको हो ।

कार्यक्रममा आ.ब. २०७६/७७ को प्रतिवेदन सार्वजनिक गर्दै उद्योग अधिकृत सन्तोषकुमार साहले मापदण्ड पूरा नगरेको, बीचमै उद्योग बन्द भएको, बैदेशिक रोजगारीमा हिडेको, उद्योग दर्ता गरि लामो समयमसम्म संचालनमा नल्याएको तथा समयमै नवीकरण नगराएका कारण १ सय ३६ वटा उद्योग खारेजीमा परेका जानकारी दिए ।

नयाँ दर्ता भएका ती उद्योगसहित जम्मा ९ हजार १ सय २७ उद्योग दर्ता भएको र त्यसमध्ये उद्योगतर्फ ७० र बाणिज्यतर्फ ६६ गरि कुल १ सय ३६ उद्योग खारेजीमा परेको उनले स्पष्ट पार्दै उक्त आ.ब.मा महिलाद्वारा संचालित १ सय ५ र पुरुषद्वारा संचालित २ सय ९० गरि कुल ३ सय ९५ उद्योग दर्ता भएको जानकारी पनि दिए ।

सोही अवधीमा नवीकरण, लगत्त कट्टा, पूँजी बृद्धि, ठाउँसारी, निवेदन र अन्य दर्ता लगायतका शुल्क वापत एक करोड १५ लाख ३१ हजार ८ सय ६६ रुँपैया राजश्व समेत संकलन गरिएको कार्यक्रममा सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख छ ।

कोरोनाका कारण स्वदेशमा रोजगारीको अभाव तथा विदेशमा रोजगारीका लागि गएका यूवाहरु समेत स्वदेश फर्किएपछि बेरोजगारीको समस्या अझै बढेको जानकारी गराएका उद्योग अधिकृत साहले प्रदेश २ सरकार बेरोजगारी समस्या समाधान गर्न हालै दुई वटा महत्वपूर्ण कार्यक्रम मार्फत आवश्यक बजेट समेत छुट्याएकाले यसबाट धेरै हदसम्म बेरोजगारी समस्य न्युनिकरणमा मद्दत पुऱ्याउने विश्वास व्यक्त गरे ।

बेरोजगारहरुलाई रोजगारी दिन प्रदेश सरकारले ल्याएको मुख्यमन्त्री रोजगार र प्रदेश प्रमुख रोजगार कार्यक्रमले बेरोजगारी समस्या कम गर्न प्रभावकारी भूमिका खेल्ने उनको भनाई थियो ।

कार्यक्रममा प्रमुख अतिथि उद्योग बाणिज्य संघका वरिष्ठ उपाध्यक्ष शंकर दास, निर्माण व्यवसायी संघका अध्यक्ष एनेश्वर दास, संचारकर्मी बैजनाथ झा लगायतले शुभकामना दिँदै कोरोनाका कारणले समस्यामा परेका उद्योगि व्यवसायीका साथै प्रभावित सबैलाई राहत महसुस हुने गरि सरकारले आवश्यक कार्यक्रम ल्याउनु पर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा सोही कार्यालयमा कार्यरत कार्यालय सहयोगि लिलानाथ दाहाललाई कार्य सम्पादनमा प्रशंसनिय भूमिका निर्वाह गरेवापत नगदसहित प्रशंसापत्रले सम्मान गरिएको थियो ।

# भारतसँग जोडिएका सीमानाका खोल्न जसपाको माँग

**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

जनता समाजवादी पार्टी नेपालले भारतसँग जोडिएका सबै सीमानाकाहरु तत्काल खुला गर्न माँग गरेको छ ।

पार्टीका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवद्वारा मंगलबार जारि विज्ञप्तिमा गत चैत १० गतेदेखी कोरोना संक्रमण पुष्टि भएसँगै बन्द रहेका सीमानाकाहरु खोल्न सरकारसँग माँग गरिएको छ ।

विज्ञप्तिमा कोरोना महामारी नियन्त्रणप्रति सरकारको पूर्व तयारी निकै कमजोर रहेको आरोप लगाउँदै देशव्यापी बन्दाबन्दी घोषणा भएको समयदेखी सीमानाका बन्द गरिएका कारणले मुलुकको अर्थतन्त्र धराशयी हुनुका साथै सीमा क्षेत्र खासगरि तराई मधेशका जनताको जिवन अत्यन्त कष्टकर हुन गएको जनाइएको छ ।

जनताको कृषि, शिक्षा, स्वास्थ्य उपचार, रोजगार, आर्थिक, सामाजिक आदी क्षेत्रमा गम्भिर समस्याहरु देखापरिरहेको अवस्थामा जनताको जिवनलाई थप कष्टकर हुन नदिन सरकारले भारतसँग जोडिएका सीमानाकालाई तत्काल खुला गरि व्यवस्थित एवं सहज बनाउनु पर्ने विज्ञप्तिमार्फत सुझाव दिइएको छ ।

सोही विज्ञप्तिमा कोरोना संक्रमणलाई अझ फैलिन नदिन योजनाबद्ध रुपमा प्रभावकारी ढंगले चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको जोखिम भत्ताको उपलब्धता, अस्पताल, स्वास्थ्य उपकरण, जनशक्ति र औषधी आदिलाई उचित एवं आवश्यक व्यवस्थापन गर्ने कार्य यथासिघ्र गर्न सरकारसँग आग्रह गरिएको छ ।

*सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९*

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय रा.वि.न.पा.-९ मलेठ , सप्तरी

पान नं. ३०५११४४१७

चलानी नं. :- ८५
पत्र संख्या :- ०७७/०७८

मिति २०७७।०८।०७

सम्पूर्ण शेयरधनि महानुभावहरु,

**बिषय : संस्थाको नवौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

प्रस्तुत सम्बन्धमा मिति २०७७ कार्तिक १४ गतेमा बसेको यस संस्थाको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको नवौं वार्षिक साधारण सभा कोभिड-१९ को संक्रमणलाई मध्यनजर गर्दै सहकारी बिभागबाट मिति २०७७ असोज १ गते जारी भएको सूचना बमोजिम तपसिलको मिति, समय र स्थानमा ईकाई भेलाको माध्यमबाट निम्न प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्नु पर्ने भएकोले यहाँहरुको अनिवार्य उपस्थितिका लागि पत्र पठाई सकिएको छ कुनै कारणवस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधारमानी यहाँहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**प्रस्तावहरु**


१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. ०७६/७७ को प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
२ संचालक समतिको तर्फबाट कोषाध्यक्षको प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
३ लेखा सुपरिबेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व.०७६/७७ प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
४ आर्थिक वर्ष ०७६/७७ को लेखा परिक्षण प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
५ आर्थिक वर्ष ०७७/७८ को प्रस्ताबित बजेट तथा कार्यक्रम माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
६ आर्थिक वर्ष ०७७/७८ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७ निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बनधमा ।
८ बिविध सम्बन्धमा ।

**कार्यक्रम**

१ मिति २०७७ मंसिर १५ गते देखि १९ गते सम्म उपस्थिति रजिष्टर खुल्ला रहने छ , सो अबधिमा प्रत्येक दिन बिहान ८ बजे देखि ११ बजे सम्म २०० जना र दिउँसो १ बजे देखि ४ बजे सम्म २०० जना गरि जम्मा ४०० जना शेयर सदस्यहरुको उपस्थितिमा सुझाब संकलन तथा प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्ने ।
२ मिति २०७७ मंसिर २० गते शनिवार ईकाइ भेला मार्फत प्राप्त सुझाब र प्रस्ताब उपर छलफल गरि साधारण सभालाई अन्तिम रुप दिने ।

**समय : बिहान ११ बजे देखि**
**स्थान : संस्थाको प्रांगण**

बिश्वनाथ मण्डल
अध्यक्ष




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय

# दिर्घकालिन असर बारे छलफल गर्नु आवश्यक

कोरोना माहामारीका विगत लामो समयदेखी भारतसँग जोडिएका सीमानाकाहरु अहिले पनि बन्द रहेका छन् । कोरोना माहामारी नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यले गरिएको सीमानाका बन्दका कारण अहिले तराई मधेशका जनताहरुलाई सास्ती व्यहोर्नु परेको छ । खुला सीमाका कारण नेपाली जनताहरु भारतीय सीमावर्ती बजारमा गएर घरायसी सामानहरु किनमेल गर्ने गर्थे । तर, अहिले सीमानाका बन्द रहेकाले नेपाली जनताले सास्ती व्यहोर्नु परिरहेको छ ।

यता अहिले पनि कोरोना माहामारी नियन्त्रण बाहिर रहेको बेला सीमानाकाहरुमा अझ कडाई गरिएको छ । भारत र नेपाल दुबै देशमा कोरोना संक्रमितहरु दिनहुँ बढ्दै गएको छ । यस्तो अवस्थामा दुबै मुलुकको जनजिवन अहिले पनि सामान्य हुन सकिरहेको छैन् । माहामारी नियन्त्रणको नाममा नेपाल सरकारको प्रयास अहिले पनि फितलो रहेको स्पष्ट छ । नेपाल सरकारले जनताको स्वास्थ्य उपचारमा कुनै सहुलियत दिन सकिरहेको छैन् ।

तसर्थ यस्तो अवस्थामा सीमानाकाहरु खोलिनुले कस्तो दिर्घकालिन असर पर्नसक्छ भन्ने कुरालाई दृष्टिगत गरि आवश्यक कदम उठाउनु अत्यन्त जरुरी रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाल-भारत सम्बन्ध विदेश सचिवको भ्रमणले हार्दिकतातर्फ फर्कने अपेक्षा

काठमाडौँ, ९ मङ्सिर (रासस) ।

सुगौली सन्धिअनुसार लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितको आफ्नो भूभागलाई समेटेर नेपालले नयाँ राजनीतिक एवं प्रशासनिक नक्शा प्रकाशन गरेपछि केही चिसिएको नेपाल-भारत सम्बन्ध बिहीबारदेखि हुने भारतका विदेश सचिवको भ्रमणबाट पुनः हार्दिकतातर्फ फर्कने अपेक्षा दुवै देशका नागरिकले गरेका छन् ।

सामारिक महत्वको नेपाली भूमि कालापानी क्षेत्रलाई छ दशकदेखि आफ्नो स्वामित्व दावी गर्दै आएको भारतले गत वर्ष नेपालको भूभागलाई समेटेर एकतर्फी रूपमा नयाँ नक्शा जारी गर्नाका साथै नेपालको भूमि लिपुलेक भएर तिब्बतको कैलाश मानसरोवर पुग्ने बाटो निर्माणपछि उद्घाटन नै गरेपछि नेपालले पनि आफ्नो राजनीतिक एवं प्रशासनिक नक्शा अद्यावधिक गरेको वास्तविकताप्रति दुवै देशका जनता अनभिज्ञ छैनन् ।

आकार र आर्थिक सामर्थ्यका आधारमा विश्वमानचित्रमा सानो भए पनि ओजपूर्ण अस्तित्वलाई अक्षुण्ण राख्दै सार्वभौमसत्तासम्पन्न स्वतन्त्र राष्ट्रका रूपमा स्थापित नेपालले भारतसँगका सबै समस्या वार्ता, संवाद र सहमतिका आधारमा समाधान गर्नुपर्ने मान्यतालाई अङ्गीकार गर्दै तदनुरुप नै हुनुपर्ने अभिमत सार्वजनिकरूपमा प्रकट गर्दै आएको छ । कोभिड-१९ तथा अन्य कारणले करीब एक वर्ष टुटेको नेपाल र भारतबीचको औपचारिक कूटनीतिक संवादलाई पाका कूटनीतिक व्यक्तित्व हर्षबर्धन शृङ्गलाको दुईदिने नेपाल भ्रमणले गतिशील तुल्याउने तथा शताब्दीऔँ पुरानो द्विपक्षीय सम्बन्धलाई पुरानै लयमा फर्काउने विश्वास गरिएको छ ।

शान्ति, मैत्री, भ्रातृत्व, सहकार्य र साझेदारीमा आधारित नेपाल-भारत सम्बन्धलाई थप सहयोगात्मक बनाउँदै यसलाई दुवै देशका जनताको बृहत्तर हितमा केन्द्रित गर्नुपर्नेमा कूटनीतिक क्षेत्रका जानकारले जोड दिँदै आएका छन् । भारतीय पक्षले पनि पारस्परिक सहयोगलाई अझ सुदृढ तुल्याउँदै भारत-नेपाल सम्बन्ध अझ उन्नत होस् भन्ने चाहना सार्वजनिक रूपमा नै व्यक्त गरेको छ ।

बिहीबार परराष्ट्र सचिव भरतराज पौडयालसँग एक्लाएक्लै अनि दुवै देशका सचिवबीच हुने प्रतिनिधिमण्डलस्तरीय वार्तामा नेपाल-भारत बहुआयमिक सम्बन्धका समग्र पक्षमा गहन छलफल हुनेछ । राजनीतिक सम्बन्ध, सिमाना र सुरक्षा, आर्थिक सहयोग एवं पूर्वाधार, व्यापार तथा पारवहन, ऊर्जा र जलस्रोत, संस्कृति र शिक्षा, प्रबुद्ध व्यक्ति समूह (इपिजी)को प्रतिवेदनलगायत विषयमा विचारविमर्श हुने परराष्ट्र मन्त्रालयका एक अधिकारी बताउँछन् ।

प्रधानमन्त्री केपी शर्मा ओली र परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीसँग हुने शिष्टाचार भेटमा विदेश सचिव शृङ्गलाले नेपालको चाहना र यहाँका सरकार प्रमुखको सन्देश भारत सरकारसमक्ष प्रवाह गर्नुहुनेछ भने भारतको सुरक्षा चासोका बारेमा पनि उहाँले भारतको धारणा प्रकट गर्नुहुनेछ । दुई देशका परराष्ट्रमन्त्रीको सहअध्यक्षतामा हुने नेपाल-भारत संयुक्त आयोगको छैटौँ बैठकमा भागलिन मन्त्री ज्ञवालीलाई आमन्त्रण गर्नु पनि सचिव शृङ्गलाको भ्रमणको अर्को उद्देश्य हो । भारतमा विदेश मन्त्रालयमा कार्यभार सम्हाल्नेबित्तिकै सचिवले छिमेकी मुलुकको परिचयात्मक भ्रमण गर्ने र ती देशको वास्तविक वस्तुस्थिति बुझ्ने प्रचलनकै निरन्तरताका रूपमा पनि यो भ्रमणलाई लिन सकिन्छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीको 'सबैको साथ, सबैको विकास' नीति र प्रधानमन्त्री ओलीले अघि सार्नुभएको 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न भारतलगायत बाह्य विश्वको नैतिक एवं भौतिक सहयोग नेपालका निम्ति अपरिहार्य छ । कोरोनाको महामारीका कारण शिथिल भएको अर्थतन्त्र उकास्न र सहज ढङ्गले स्वास्थ्य सेवा प्रवाहका निम्ति आवश्यक उपकरण एवं सामग्री जुटाउन पनि भारतका विदेश सचिवको भ्रमण सहयोगी हुने मान्न सकिन्छ ।

गोरखा भूकम्पका बेला तत्काल राहत तथा उद्धारमा भारतले निर्वाह गरेको भूमिका, पुनःनिर्माणका परियोजनामा देखाएको तदारुकता, आवास परियोजनाको शीघ्र निर्माण र कार्यान्वयन, पेट्रोलियम पाइपलाइन निर्माण, नेपालको आर्थिक भूपरिदृश्यमा विशाल रुपान्तरण गर्ने ९०० सय मेगावाट क्षमताको 'गेमचेञ्जर'अरुण तेस्रो जलविद्युत् आयोजनामा भइरहेको प्रगति तथा जनकपुर-जयनगर रेलसेवा सञ्चालनको तयारी, नेपालगञ्जमा एकीकृत जाँचचौकी निर्माणलगायत भारतको सहयोगमा सञ्चालित परियोजनाले पनि दुई देशबीचको सम्बन्धलाई थप उचाइमा पुऱ्याउने जमर्को गरेको सहजै अनुमान सकिन्छ ।

भारत -नेपाल सम्बन्धमा एउटा नयाँ अध्याय आरम्भ गर्ने अभिभाराका साथ हुन लागेको शृङ्गलाको भ्रमणले भारत-नेपाल सम्बन्धको मर्म बुझेर दुई राष्ट्रबीच फेरि प्रगाढ आत्मीयताको ज्योति छर्ने आशा दुवै देशमा जनताले गरेको इपिजीका भारततर्फका सदस्य प्रा महेन्द्र पी लामाको सार्वजनिक अभिव्यक्ति सत्य सावित हुने अपेक्षा गरिएको छ ।

# कोरोना परीक्षणका लागि टोलटोलमा मोबाइल भ्यान

काठमाडौँ, ९ मङ्सिर (रासस) ।

कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारलाई अझ बढी प्रभावकारी बनाउन काठमाडौँ महानगरपालिकाले टोलटोलमा मोबाइल भ्यान सञ्चालन गरी स्वाब सङ्कलन शुरु गरेको छ । जाडो बढेसँगै काठमाडौँमा कोरोनाको जोखिम थप बढेकाले कामपाले प्रत्येक वडावडामा पुगी लक्षण देखिएका बिरामी, दीर्घरोगी र ज्येष्ठ नागरिकको स्वाब सङ्कलन शुरु गरेको हो ।

सोमबारदेखि नागरिकको सेवामा खटिएको उक्त भ्यान नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठानले पोजेटिभ एअर प्रेसर मेन्टेन्ड कक्ष जडान गरेपछि प्रयोग गरिएको हो । कामपाका प्रमुख विद्यासुन्दर शाक्यले आफूहरू लकडाउनको शुरु अवधिदेखि नै कोभिड- १९ महामारी रोकथाम, नियन्त्रण र उपचारलाई प्रभावकारी बनाउन लागिरहेको बताउँदै थप प्रभावकारी बनाउनका लागि नाष्टको प्राविधिक सहयोगमा निर्माण भएको मोबाइल भ्यानमार्फत स्वाब सङ्कलनको काम शुरुआत गरिएको जानकारी दिनुभयो ।

नेपाल सरकारले तोकेको मापदण्डभित्र परेका नागरिक र कन्ट्याक्ट ट्रेसिङमा परेका शङ्कास्पद व्यक्तिलाई निःशुल्क परीक्षण गर्ने कामपा लागिपरेको बताइएको छ । यसमा एक पटकमा दुई जनाको स्वाब लिन सकिने छ । लक्षित वर्गलाई उपचारबाट वञ्चित नगराउने अभियानलाई साथ दिएर सकेसम्म असहाय, विपन्न र ज्येष्ठ नागरिकलाई प्राथमिकता दिन र सक्नेले आफैँ परीक्षण गर्न पनि कामपाले अनुरोध गरेको छ । शहरी स्वास्थ्य तथा खाद्य पदार्थ नियमन विभागका प्रमुख हरिबहादुर कुँवरका अनुसार सोमबार वडा नं १३ मा स्वाब सङ्कलन गरिएको छ भने मंगलबारदेखि अन्य वडामा हुनेछ ।

# हत्याका अभियुक्त पक्राउ

रौतहट, ९ मङ्सिर (रासस) ।

वृन्दावन नगरपालिका-७ सखुअवा धमौराका १९ वर्षीय विकास पासवान र ५५ वर्षीय बिन्द पासवानलाई व्यक्ति हत्याको अभियोगमा प्रहरीले पक्राउ गरेको छ ।

यी दुई व्यक्तिले अत्यधिक मदिरा सेवन गरी सोही ठाउँका

*बाँकी तीन पृष्ठमा*

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, सप्तरीको
जरुरी सूचना

नेपाल सरकारले बैंक तथा वित्तिय संस्थामा खाता खोल्न र ऋण लिन, चल अचल सम्पति खरिद बिक्री गर्न, पेन्सन बुझ्न, सामाजिक सुरक्षा भत्ता लिन, शेयर खरिद बिक्रि गर्न, लोकसेवाको फाराम भर्न, पासपोर्ट बनाउन तथा बत्ति, पानी र टेलिफोनको सेवा लिने जस्ता अति आवश्यक सेवामा राष्ट्रिय परिचय नंवर अनिवार्य गर्न लागेको हुँदा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त सबै व्यक्ति तथा नयाँ नागरिकता वा प्रतिलिपि लिन, राहदानी बनाउन वा अन्य सेवा लिन यस कार्यालयमा आउने सबै नागरिकले यस कार्यालयको राष्ट्रिय परिचयपत्र ईकाईमा सम्पर्क गरी राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराउनु हुन अनुरोध छ । विवरण दर्ता गराउन आउँदा सक्कल नागरिकता, विवाह दर्ता प्रमाणपत्र वा पति पत्नीको नाता खुल्ने सरकारी कागज, बसाई सरि आएकाको हकमा बसाई सराई प्रमाणपत्रको सक्कल प्रति समेत लिइ आउन सूचित गरिन्छ ।

प्रशासकीय अधिकृत

# बोलपत्रमा प्रतिस्पर्धा गर्न पाउनुपर्ने माग

काठमाडौँ, ९ मङ्सिर (रासस)।

अन्तःशुल्क स्टिकर छपाइका लागि नेपाली उद्यमीले बोलपत्रमा प्रतिस्पर्धा गर्न पाउनुपर्ने माग गरेका छन्।

अन्तःशुल्क स्टिकर छपाइका लागि आन्तरिक राजश्व विभागले गत अक्टोबर १४ मा बोलपत्र आह्वान गरेको थियो। सो अन्तर्राष्ट्रिय बोलपत्रमा नेपाली उद्यमीले प्रतिस्पर्धा नै गर्न नसक्ने सर्तहरू राखी आह्वान गरेको जनाउँदै उनीहरूले बोलपत्रको प्रतिस्पर्धामा जाने अवसरबाटै वञ्चित गरिएको गुनासो गरे।

स्टिकर छपाइका लागि आवश्यक योग्यता क्षमता भएको स्वदेशीलाई वञ्चित गर्ने गरी बोलपत्रमा सर्त राखिएको र ती सर्तले आफूहरू प्रतिस्पर्धामै जानबाट वञ्चित भएको मिराज प्रिन्टिङ सोलुसनका निर्देशक मनोहरराज घिमिरेले सोमबार सञ्चारकर्मीलाई जानकारी दिनुभयो।

उहाँले सर्वोच्च अदालतको आदेश, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिको निर्देशन विपरीत उक्त बोलपत्र आह्वान गरिएको आरोप लगाउनुभयो। सार्वजनिक खरिद ऐनमा समेत नेपाली उद्यमीहरूका लागि सकारात्मक विभेदको व्यवस्था गर्नुपर्ने प्रावधान रहे पनि त्यसलाई बेवास्ता गर्दै बोलपत्र आह्वान गरिएको निर्देशक घिमिरेको भनाइ छ।

अन्तःशुल्क स्टिकर छपाइका लागि अन्य सामान्य छपाइजस्तो नभई सुरक्षण मुद्रण आवश्यक पर्छ। यस्तै, नेपाली उद्यमीले अन्तःशुल्क स्टिकर छाप्न सक्ने योग्यता पुष्टि गर्न मौका नदिई तथा विस्तृत अध्ययन अनुसन्धानबाट छाप्न नसक्ने कुराको पुष्टि नै नगरी पुनः विदेशीलाई ठेक्का दिने गरी बोलपत्र आह्वान गरिएको उहाँको आरोप छ।

अन्तःशल्क स्टिकर छाप्ने योग्यताको निर्धारण यन्त्रको उपलब्धता हो। स्वदेशी उद्यमीसँग त्यस्ता यन्त्र छन्। प्राविधिक दृष्टिकोणले अन्तःशुल्क स्टिकरभन्दा बढी जटिल प्रकृतिका वस्तुहरू स्वदेशमा नै छपाइ हुँदै आएकामा अन्तःशल्क स्टिकर छाप्न सक्दैनन् भन्ने तर्कको कुनै आधार नभएको व्यवसायीको भनाइ छ।

मिराज प्रिन्टिङ सोलुसन आइएसओ १४२९८:२०१३ सर्टिफाइड कम्पनी भएको जनाइएको छ। स्वदेशभित्र हाल सेक्युरिटी प्रिन्टिङ प्रेस योग्य मिराज सहित एर्सल एरोल, सामा प्रिन्टिङ रहेका छन्। मिराजले अहिले नेपाल टेलिकम र एनसेलको रिचार्ज कार्ड छाप्दै आएको छ। करोडौँ लगानी र दक्ष जनशक्ति जोखिममा परेको निर्देशक घिमिरेले बताउनुभयो। करीब १० वर्षअघि रु ४५ करोड लागतमा उहाँले मिराज प्रिन्टिङ सोलुसन सञ्चालनमा ल्याउनुभएको थियो।

---

*हत्याका ...*

अमिरी पासवानलाई गालीगलोज तथा कुटपिट गर्दै जोरले धक्का दिँदा लडेर उनको टाउकामा गम्भीर चोट लागेको थियो। घाइते पासवानलाई तत्काल एम्बुलेन्सबाट गरुडास्थित सिटी अस्पतालमा उपचारका लागि लगिएको थियो। उपचारका क्रममा उनको गए राति ८:१५ बजे अस्पतालमा नै मृत्यु भएको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख प्रहरी नायब उपरीक्षक रवि रावलले जानकारी दिनुभयो।

घटना लगत्तै जिल्ला प्रहरी कार्यालय गौर र इलाका प्रहरी कार्यालय गरुडाको संयुक्त टोलीले आफ्नै घरमा लुकीछिपी बसेको अवस्थामा दुबै अभियुक्तलाई पक्राउ गरिएको रौतहटका प्रहरी उपरीक्षक सिद्धिविक्रम शाहले जानकारी दिनुभयो।

अभियुक्त दुवै जनामाथि ज्यानसम्बन्धी मुद्दा दर्ता गरी जिल्ला अदालतबाट म्याद थमाउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो।






## विश्व समाचार

### सत्ता हस्तान्तरण गर्न ट्रम्प तयार

वासिङ्टन, ९ मङ्सिर (रासस/पिटिआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सत्ता हस्तान्तरणको प्रक्रिया शुरु गर्न निर्देशन दिनु भएको छ।

सरकारी उच्च अधिकारीलाई सोमबार उहाँले राष्ट्रपतिमा निर्वाचित जो बाइडेनलाई सत्ता हस्तान्तरण प्रक्रिया शुरु गर्न निर्देशन दिनु भएको हो।

उहाँले यसअघि सत्ता हस्तान्तरण गर्न अस्वीकार गर्ने आशंका गरिँदै आएकोमा उहाँले अहिले सत्ता हस्तान्तरणको प्रक्रिया शुरु गर्न निर्देशन दिएपछि सकारात्मक सन्देश गएको छ।

राष्ट्रपति ट्रम्पले निर्वाचनमा धाँधली भएको भन्दै आफू पराजित नभई पराजित गराइएको दाबी गर्दै आउनुभएको छ। उहाँले बाइडेनको जीत र आफ्नो पराजय अस्वीकार गर्दै आउनु भएको थियो।

निर्वाचनमा धाँधली भएको भन्दै उहाँले विभिन्न अदालतमा मुद्दा दर्ता गरे पनि ट्रम्पको दावीका लागि पर्याप्त प्रमाण नभएकाले कतिपय न्यायाधीशले मुद्दा नै खारेज गरिदिएका थिए।

अदालतसमेतबाट आफ्नो दाबी पुष्टी नहुँदा पनि उहाँले आफू अन्यायमा परेको र आफूलाई नियोजितरुपमा पराजित गरिएको भन्दै उहाँले न्याय माग्ने क्रमलाई निरन्तरता दिने दावी गर्नु भएको छ।

यही नोभेम्बर ३ तारिखका दिन भएको निर्वाचनबाट राष्ट्रपतिमा बाइडेन र उपराष्ट्रपतिमा कमला ह्यारिस निर्वाचित हुनु भएको छ।

उहाँहरुले आगामी सन् २०२१ जनवरी २० मा सपथ ग्रहण गर्दै जिम्मेबारी सम्हाल्नु हुनेछ। त्यसका लागि उहाँहरुले पनि आफ्नोतर्फबाट तयारी थाल्नु भएको छ।

बाइडेनले आफूले सरकारमा प्रमुख भूमिका दिने चाहेका व्यक्तिको नामावली तयार पर्न थालिसक्नु भएको छ।

पूर्वविदेश मन्त्री जोन केरीले जलवायुसम्बन्धी विशेष दूतको भूमिका निर्वाह गर्नु हुने भएको छ भने यसअघि सशक्तरूपमा अन्तरराष्ट्रियवादमा विश्वास गर्ने एन्टोनी ब्लिङ्केनको नाम विदेशमन्त्रीका रूपमा प्रस्तुत गरिसकिएको छ।

### उत्तर अफगानिस्तानमा हवाइ आक्रमण, ६ जना तालिबानीको मृत्यु

मजार-ए-शरिफ, ९ मङ्सिर (रासस/सिन्ह्वा)।

अफगानिस्तानको सेनाले उत्तरी बाल्ख प्रान्तको ग्रामीण इलाकामा गरेको कारबाहीमा कम्तीमा छ जना तालिबानी लडाकू मारिएको सेनाले जनाएको छ।

अफगान वायु सेना (एएएफ)ले तालिबानको शिविरलाई सोमबार मध्यराति लक्षित गरी उक्त हमला गरिएको र त्यसबाट अरु चार जना गम्भीर घाइते भएको बताएको छ।

अफगान सेनाले देशभित्र हिंसात्मक झडपका घटनामा वृद्धि हुँदै गएपछि यस वर्षको शुरुदेखि नै देशका विभिन्न स्थानमा तालिबान विद्रोही विरुद्ध सैनिक कारबाही गरिरहेको छ।

रिपोर्टअनुसार सरकारी फौजको उपस्थिति अफगानिस्तानका शहरी इलाकामा बढी देखिएको छ तर ठूलो भू-भागको ग्रामीण इलाकामा तालिबानी समूह सक्रिय छ।

ग्रामीण क्षेत्रमा संगठित रहेका तालिबानीले बेलाबेला शहरी इलाकामा भिषण आतंकवादी हमलाले गर्ने गरेका छन्।

### भारतमा थप ३८ हजार सङ्क्रमित

नयाँदिल्ली, ९ मङ्सिर (रासस/पिटिआई)।

कोरोनाभाइरसबाट धेरै प्रभावित मुलुकको अग्रपक्तिमा रहेको भारतमा थप झण्डै ३८ हजार मानिस सङ्क्रमित भएका छन्।

सरकारी अधिकारीले मङ्गलबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ३७ हजार ९७५ जना सङ्क्रमित भएका हुन्।

योसँगै भारतमा कुल सङ्क्रमितको संख्या ९१ लाख ७७ हजारभन्दा बढी पुगेको अधिकारीले जानकारी दिएका छन्।

सङ्क्रमित भएर पनि अहिले सङ्क्रमणमुक्त भइसकेकाको संख्या भने ८६ लाख पुगेको पनि भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

भारतमा कोरोनाका कारण अहिलेसम्म एक लाख ३४ हजार २१८ जनाको मृत्यु भएको पनि मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। त्यसमध्ये ४८० जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो।

पछिल्लो एक दिनमा मृत्यु भएकामध्ये १२१ जना केन्द्रीय राजधानी दिल्लीका मात्रै रहेको जनाइएको छ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको संख्या भने पाँच लाख भन्दा कम रहेको मन्त्रालयले जनाएको छ।

# बालिकाको हत्या भएको भन्दै प्रदर्शन, प्रहरीको गोली लागि तीन घाइते



**दैनिक समाचारदाता**
**महोत्तरी, ९ मंसिर ।**

महोत्तरीको बर्दीवास नगरपालिका १४ की एक ६ वर्षिया बालिकाको हत्या भएको भन्दै मंगलबार बिहानैदेखी राजमार्ग अवरुद्ध गर्दै स्थानियहरु प्रदर्शनमा उत्रेका छन् ।

स्थानिय शहीद आलमकी ६ वर्षिया छोरीको सोमबार राती शव फेला परेपछि उनको हत्या भएको भन्दै स्थानियहरुले मंगलबार बिहानैदेखी राजमार्ग अवरुद्ध पार्दै प्रदर्शनमा उत्रेका हुन् ।

बालिकाको शवलाई सडकमा राखेर स्थानियहरु प्रदर्शनमा उत्रेपछि राजमार्ग खोलाउन र स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले चलाएको गोली लागेर स्थानिय तीन जना गम्भिर घाइते भएका छन् ।

प्रहरीको गोली लागि घाइते हुनेमा स्थानिय श्याम कार्की, सञ्जय न्यौपाने र नाम खुल्न नसकेका अर्को एकजना छन् । श्यामको टाउकोमा गोली लागेको छ भने सञ्जयको खुट्टामा गोली लागेको छ । गम्भीर घाइते दुई जनालाई काठमाडौं पठाइएको छ भने एकजनाको बर्दिवासस्थित स्थानीय अस्पतालमा उपचार भइरहेको छ ।

प्रदर्शनकारीले पूर्वपश्चिम राजमार्गमा टायर बालेर प्रदर्शन गर्दै प्रहरीमाथी ढुँगामुढा गरेपछि प्रहरीले अश्रु ग्यास प्रहार तथा हवाई फायर गरेको जनाएको छ । यता प्रदर्शनलाई नियन्त्रणमा लिन ठूलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको छ ।

ती बालिकाको शव बर्दिवास १४ कै शुभम बस्ती नजिकको झाडीमा बोरामा खाँदेको अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय बर्दिवासले जनाएको छ । घर वरपर खेलिरहेकी ६ वर्षिया गुलाव साह खातुन आइतबार साँझ अचानक हराएकी थिइन ।

यता बालिकाको नियोजित हत्या गरेको आशंकामा प्रहरीले जिल्लाकै गौशाला नगरपालिका ५ घर भई बर्दिवासमा किराना पसल गर्दै आएका २५ वर्षीय अरुणकुमार साहलाई पक्राउ गरेको छ । पक्राउ गरिएका साहले प्रारम्भिक सोधपुछमै खातुनको हत्या गरेको स्वीकार गरेका प्रहरीले जनाएको छ । यता प्रदर्शनकारीले साहको बर्दिवासस्थित घरमा आगजनी समेत गरेका छन् ।

प्रदर्शनकारीले पटक-पटक साहले घट्ना घटाएकाले उनलाई धरौटीमा छुट्न नपाउने गरी आजिवन कैद सजाय हुनुपर्ने, उनको घर भत्काएर स्मृति पार्क बनाउनुपर्ने, हरेक घट्नामा उनको अभिभावक पनि संलग्न रहेकाले मतियारको रुपमा उनीहरुलाई पनि सजाय हुनुपर्नेसहितका माग राखेका छन् ।

# सीमानाका अबिलम्ब खुलाउन प्रदेश मन्त्री साहको सरकारसँग माग



**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

प्रदेश २ का भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहले कोरोना महामारीका कारण गत चैत १० गतेदेखी बन्द रहेको नेपाल भारत सीमानाका अबिलम्ब खुलाउन माग गरेका छन् ।

समाजसेवी डिभिजनल इन्जिनियर मिश्रीलाल तथा लाखोदेवी साहको ११ स्मृति समारोहमा बोल्दै उनले सो माग गरेका हुन् । उनले वारिपारीको पारिवारिक सम्बन्ध, सामाजिकिकरण, समेत बन्द भएकोले अविलम्ब सीमानाका खुलाउन संघीय सरकारसँग माग गरे ।

सरकार मधेशी जनताप्रति सम्बेदनशील नभएका कारण अहिलेसम्म सीमानाका खोल्न नचाहेको उनले आरोप बताए । मन्त्री साहले तराई मधेशका निकट छिमेकी भारतसँग खुल्ला आवतजावत बन्द भएका कारण तस्करी, महँगी बढेको बताए ।

साह सेवा सदनका अध्यक्ष दुर्गाप्रसाद साहको अध्यक्षतामा आयोजित समारोहमा प्रदेश २ का सभा सदस्य नेत्रबिक्रम साह, स्वर्गीय दम्पतिका जेष्ठ सुपुत्र रामसुन्दर साह, माहिल सुपुत्र बीरेन्द्र साह, नेपाल पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्ष धीरेन्द्रप्रसाद साह, तेली कल्याण समाज सप्तरीका अध्यक्ष रामचन्द् साह, केन्द्रिय सदस्य उम्मदेश्वरप्रसाद साह, शिक्षक तथा कर्मचारी मिलन केन्द्रका अध्यक्ष धर्मदेव साह, साह युवा समितिका अध्यक्ष रामअधिन साह, महिला संघका अध्यक्ष प्रमिला साह, हिन्दु परिषदका जिल्ला अध्यक्ष रामकिशुन साह लगायतले समाजसेवी दम्पतिले काठमाण्डौ स्थित धर्मशाला निर्माण, राजविराजस्थित साह सेवा सदन निर्माण, अन्य मठ मन्दिर, गरिव परिवारको विवाह, सामाजिक लगायतका कार्यहरुमा व्यापक योगदान रहेको चर्चा गरे ।

सोही कार्यक्रममा दम्पतिको स्मृति दिवसको अवसरमा जिल्लाको बलान बिहुल गाउँपालिका वडा नं. ३ शोसिलकुमार साह (अशक्त पूर्ण अपाङ्गता) लाई ६ हजार पाँच सय नगद, सम्मानपत्रले सम्मान गरिएको छ । बि.स. २०६६ मंसिर ९ गते बाराको गढीमाई मेला भर्न जाने क्रममा सवारी दुर्घटनामा परी साह दम्पतिको निधन भएको थियो ।

# नगरपालिकामा अख्तियारको छापा

सप्तरी, ९ मंसिर (रासस) ।

सप्तरीको बोदे बर्साइन नगरपालिकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार छापा मारेको छ । कोभिड-१९ रोकथाम तथा नियन्त्रण खर्चमा अनियमितता भएको समाचार सञ्चारमाध्यममा सार्वजनिक भएसँगै चर्को आलोचना हुन थालेपछि आयोगको इटहरी कार्यालयले छापा मारेको हो । अख्तियारले कोरोनासँग सम्बन्धित फाइल लगेको छ ।

नगरपालिकाले कात्तिक २६ गते कोरोना रोकथाम तथा नियन्त्रणमा रु दुई करोड २१ लाख ३४ हजार खर्च भएको विवरण सार्वजनिक गरेको थियो । सार्वजनिक गरिएको सो खर्च विवरणमा लाइफब्वाइ साबुनको प्रतिगोटा मूल्य रु तीन हजार ८३१.४२ मा खरिद गरिएको उल्लेख भएपछि चर्को आलोचना भएको थियो । कोरोना रोकथाम तथा नियन्त्रणका नाममा नगरपालिकाले चरम आर्थिक अनियमितता गरेको भन्दै स्थानीयवासीले सूचना उपलब्ध गराउन नगरपालिकामा निवेदन नै दिएका थिए । नगरपालिकाले पुनः मङ्सिर ३ गते पत्रकार सम्मेलन गरी स्यानिटाइजर, साबुन, झुल, म्याट्रेस, मास्क, पञ्जालगायतका सामग्री बजार मूल्यअनुसार नै खरिद गरिएको स्पष्टीकरण दिएको थियो । शीर्षकअनुसार खर्च गरी बिल भर्पाइ राखिएको र सार्वजनिक गरिएको आय-व्यय हिसाबको 'प्रिन्ट मिस्टेक' भएर सञ्चारमाध्यममा भ्रामक समाचार पुगेको नगरप्रमुख आतेशकुमार सिंह यादवले स्पष्ट पार्ने प्रयास गर्नुभएको छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गजेन्द्रनाथ शर्माले समेत खर्च विवरणमा 'प्रिन्ट मिस्टेक' भएकाले खर्च विवरण बढी देखिएको बताउँदै रु एक करोड २७ लाख २९ हजार ४२९ कोरोना शीर्षकमा खर्च भएको जानकारी दिनुभयो ।

बोदे बर्साइन नगरपालिका कार्यालयले २०७६ चैत २२ गते ९५ वटा साबुन रु तीन लाख ६३ हजार ९८५ लागतमा खरिद गरिएको प्रमाणित खर्च विवरणमा देखाएको थियो । टाइप गर्दा ९५ कार्टुन लेख्नुपर्नेमा कर्मचारीको कमजोरीले ९५ वटा भएको नगरप्रमुख यादवको जिकिर छ । सार्वजनिक गरिएको हिसाबको अर्को शीर्षकमा भने साबुनको प्रतिगोटा रु २९९.९६ पैसाको दरले खरिद गरिएको उल्लेख छ । अर्को शीर्षकमा एक हजार ४४० वटा लाइफब्वाइ साबुनलाई रु चार लाख ३१ हजार ९५५ मा खरिद गरिएको हिसाब देखाइएको छ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाँडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np